निर्णय

आसन्न होली पर्व लगायतका जुनसुकै चाडपर्वलाई सभ्य र सहिष्णुतामा आधारित भई मनाउन तथा सबैको धर्म, संस्कृति र रहनसहनको सम्मान गरी संकिर्ण साम्प्रदायिक भावनाको अन्त्य गर्न; मर्यादित एवम् सुसंस्कृत सामाजिक जीवन स्थापना र विकास गर्न; संविधानको मर्म र परिकल्पना अनुरूप केही निर्णय गर्न आवश्यक रहेको महशुस गरी उपस्थित सबैको सहमतिमा देहायबमोजिम निर्णय गरियोः–

निर्णय नं. १ः सामाजिक सहिष्णुता र सामाजिक एकताका सम्बन्धमा ।

यस सम्बन्धमा देहायबमोजिम निर्णय गरियोः–

क) संविधानको भाग ३ को धारा २६ को धार्मिक स्वतन्त्रताको हकबमोजिम सबैको धार्मिक स्वतन्त्रतालाई सम्मान गर्दै सहिष्णुता राखी व्यवहार गर्ने ।

ख) संविधानको भाग ३ को धारा ३२ बमोजिम सांस्कृतिक जीवनमा सहभागी हुन पाउने र सांस्कृतिक सम्पदाको संरक्षण र सम्वर्द्धन गर्ने अधिकारको सबैले सम्मान एवम् स्वीकार गरी कार्य/व्यवहार गर्ने ।

ग) संविधानको धारा ५० (२) बमोजिमको सामाजिक तथा सांस्कृतिक उद्देश्य अनुसार मर्यादा र सहिष्णुतामा आधारित सामाजिक सांस्कृतिक मूल्यहरूको विकास गर्ने तथा सांस्कृतिक विविधताको सम्मान गर्दै सामाजिक सद्भाव, ऐक्यबद्धता र सामञ्जस्य कायम गरी राष्ट्रिय एवम् सामाजिक एकता बलियो हुने गरी कार्य एवम् व्यवहार गर्ने ।

घ) संविधानको धारा ५१ खण्ड (ग) बमोजिम स्वस्थ र सभ्य संस्कृतिको विकास गरी सामाजिक सुसम्बन्धमा आधारित समाजको निर्माण गर्ने ।

ङ) सामाजिक, धार्मिक, सांस्कृतिक विकृति र विभेदलाई पूर्ण रूपले निषेध गर्ने ।

निर्णय नं. २ः चाडपर्व तथा उत्सव मनाउने सम्बन्धमा ।

यस सम्बन्धमा देहायबमोजिम निर्णय गरियोः–

क) आ–आफ्नो जाति, धर्म र संस्कृति अनुसार चाडपर्व हर्षोल्लासका साथ मनाउने तर अन्य जाति, धर्म र संस्कृतिमा नकारात्मक असर नपर्ने कुराप्रति पूर्ण सचेत हुने । शान्ति सुरक्षामा असर नहुने गरी चाडपर्व मनाउने ।